# स्थानीय राजपत्र

धुलिखेल नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८) धुलिखेल, चैत्र महिना १४ गते, २०८१ साल (संख्याः २

## भाग २

## धुलिखेल नगरपालिकाको दुग्ध उत्पादक कृषकलाई उत्पादको आधारमा प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि २०८१

**प्रस्तावना :**

धुलिखेल नगरपालिका पशुपन्छी विकासको क्षेत्रमा निरन्तर क्रियाशील रहदै आएको छ । कृषकहरुले उत्पादन गरेको पशुपन्छी उपजको लागत न्यूनिकरण गरी उत्पादित वस्तुहरुलाई वजारमा प्रतिस्पर्धी वनाउदै कृषकहरुलाई नियमित प्रोत्साहन गरी उत्पादन बृद्धि विकास गराउनु पर्ने आवश्यकता छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को (ण) मा उल्लेखित कृषि र पशु विकास सम्बन्धी कामहरु र नगरपालिकाले बार्षिक नीति तथा बजेट मार्फत लिएका कृषि र पशु विकास सम्बन्धी योजना र कार्यक्रमहरुलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी तथा पारदर्शी बनाउन आवश्यक देखिएकोले नगर कार्यपालिकाको ४० औ बैठकले यो कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १
### प्रारम्भिक

**१ संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "धुलिखेल नगरपालिकाको दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान कार्यक्रम संचालन कार्यविधि ,२०८१ " रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२ परिभाषा :**

विषय वा प्रसङ्खले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, :

(क) "आवेदक" भन्नाले धुलिखेल नगरपालिका भित्र रहेका दुग्ध सहकारी, कृषि सहकारी, बहुउदेश्यीय सहकारी, निजी फर्म, कृषक समुहका समिति सम्भनु पर्छ ।

(ख) "उत्पादन सामाग्री" भन्नाले पशुपन्छी, दुध तथा दुग्धजन्य पदार्थ, मासु, अण्डा सम्वन्धि आवश्यक सामग्री आदि सम्भनु पर्छ ।

(ग) "उत्पादनमा आधारित अनुदान कार्यक्रम" भन्नाले नगरपालिकाको सभाबाट स्वीकृत गरेको बार्षिक वजेट, नीति

तथा कार्यक्रम, प्रदेश तथा संघीय सरकारवाट प्राप्त शसर्त अनुदानबाट कृषकहरुले उत्पादन गरेको दुध तथा दुग्ध पदार्थ समेतको उत्पादनलाई प्रोत्साहन गर्न नगरपालिकाले यस कार्यविधि बमोजिम दिने अनुदानलाई सम्झनुपर्छ ।

(घ) "कृषक" भन्नाले आफ्नै जग्गा वा जग्गा भाडामा लिई पशुपालन फर्म, पशुजन्य बस्तुको उत्पादनमा संलग्न नगरपालिका भित्रका बासिन्दालाई सम्झनुपर्छ ।

(ङ) "प्राविधिक" भन्नाले पशु विज्ञानमा जे.टि.ए., जे.टी., डिप्लोमा, पशु विज्ञानमा स्नातक, स्नाकोत्तर वा सो भन्दा माथी अध्ययन गरी सम्वन्धित विषयमा विज्ञता हाँसिल गरेको भन्ने सम्झनु पर्दछ ।

(च) "कृषक समुह" भन्नाले आयोजनाको लाभग्राही मध्येवाट आयोजना क्षेत्रका, नगरपालिकामा दर्ता वा सूचिकृत भएको पशुपालन व्यवसायमा सम्लग्न कृषकहरुको संस्था वा संगठनलाई सम्झनु पर्दछ ।

(छ) "कृषि सहकारी, समिति, फर्म, कम्पनी" भन्नाले प्रचलित कानून वमोजिम संघीय, प्रदेश तथा स्थानीय तहमा दर्ता भई पशुपालन कार्यमा रहेका संघ संस्थालाई सम्झनु पर्दछ ।

(ज) "कार्यविधि" भन्नाले कार्यालयले तयार पारेको धुलिखेल नगरपालिकाको दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यविधि,२०८१ सम्झनु पर्दछ ।

(झ) "कार्यालय" भन्नाले प्रचलित कानून वमोजिम पशु सेवा सम्वन्धी सेवाग्राहीलाई आवशयकता अनुसार प्राविधिक सेवा, परामर्श तथा सम्वन्धित क्षेत्रका सवै सेवाहरु प्रदान गर्ने संघ वा संस्था सम्झनु पर्दछ ।

(ञ) "कार्यालय प्रमुख" भन्नाले प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ट) "प्रमुख" भन्नाले धुलिखेल नगरपालिकाको नगरप्रमुखलाई सम्झनुपर्छ ।

(ठ) "विषयगत समिति" भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम सभा वा कार्यपालिकाले गठन गरेका समितिलाई सम्झनुपर्छ ।

(ड) "निजी क्षेत्र" भन्नाले सामान्यतया राष्ट्रको अर्थतन्त्रको त्यो क्षेत्र हो ,जहाँ राज्यको प्रत्यक्ष लगानी रहेको हुदैन र राज्यले सिधै नियन्त्रण पनि गरेको हुदैन । मुलुकको संविधान र कानूनमा आधारित रही व्यक्तिले आफनै पहलमा स्थापना गरेको आर्थिक उपार्जनको सुव्यवस्थित आधार नै निजी क्षेत्र भन्ने सम्झनु पर्दछ ।

(ढ) "समिति" भन्नाले दफा ६ अनुसारको समिति सम्झनु पर्दछ ।

(ण) "सम्झौता" भन्नाले यस कार्यविधि बमोजिम कार्यक्रम संचालन गर्न कार्यालय र कृषक, कृषक समुह, कृषि सहकारी, साझेदार संस्था बीच भएको सम्झौता सम्झनुपर्छ । साथै कृषक र जग्गाधनी बीच जग्गा लिजमा लिने सम्बन्धमा भएको सम्झौता समेत सम्झनुपर्छ ।

(त) "साझेदार संस्था" भन्नाले दुई वा दुई भन्दा वढी पक्षहरु साझेदारको रुपमा आपसी उदेश्य पूर्तिको लागि एकिकृत रुपमा समन्वयकारी तरिकाले लागत वमोजिमको कार्यक्रममा संयुक्त रुपमा संचालन गर्ने गरी छनोट भएका आवेदक सम्झनु पर्दछ ।

## परिच्छेद – २
## कार्यविधिको उद्धेश्य

३. कार्यविधिको उद्धेश्य :

यस कार्यविधिको उद्धेश्य यस प्रकार रहेकोछ :

(१) आ.व. २०८०।०८१ मा दुग्ध उत्पादन तथा संकलन गरी बिक्री गरेका दुग्ध उत्पादक किसानका लागि बागमती प्रदेश सरकारले उपलब्ध गराएको अनुदान रकम व्यवस्थित, सरल, सहज, प्रभावकारी तथा पारदर्शी रुपले कार्यान्वयन गर्ने,

(२) नगरपालिका भित्रका कृषकले उत्पादन गरेका दुधको लागत न्यूनीकरण गरी उत्पादित वस्तुलाई वजारमा प्रतिस्पर्धी वनाउदैं लैजाने,

(३) कृषकहरुलाई उत्पादन र उत्पादकत्व बृद्धिमा प्रोत्साहन गरि उच्च गुणस्तर र उच्च मुल्ययुक्त कृषि बस्तुको उत्पादनमा सहजीकरण गर्ने,

(४) कृषि अनुदान वितरण पद्धतीलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी, पारदर्शी सहित उत्पादनमा आधारित वनाउने,

## परिच्छेद – ३
## कार्यक्रम सञ्चालन प्रकृया

**४. सुचना प्रकाशन : -**

(१) दुध उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम कार्यान्वयनका लागि नगरपालिकाले निश्चित समय तोकि सुचना प्रकाशन गर्नेछ ।

(२) उपदफा १ बमोजिम सुचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा पुन सुचना प्रकाशन गर्न सक्नेछ ।

(३) कार्यालय आफैले कार्यक्रम संचालन गर्ने हकमा यस कार्यविधि र प्रचलित अन्य कानुनको अधिनमा रही गर्नुपर्नेछ ।

**५. प्रस्ताव पेश गर्ने :**

(१) कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकले कार्यालयले प्रकाशन गरेको सुचनाको म्याद भित्र तोकिएको ढाँचामा आवेदन, आवश्यक कागजात र प्रतिवद्धता पत्र सहित पेश गर्नुपर्नेछ ।

(२) कार्यक्रममा सहभागी हुन इच्छुक आवेदक संस्थाले आ.व. २०८०।०८१ (२०८० को श्रावण देखि २०८१ आषाढ मसान्तसम्म) दुध संकलन गरी बिक्री वितरण गरेको हुनुपर्ने छ ।

(३) पेश हुन आएका प्रस्तावहरु तोकिएको ढाँचा र सीमा भित्र पेश भए नभएको एकिन गरी सम्बन्धित शाखाले दर्ता गर्नेछ ।

६. **प्रस्तावहरुको मूल्याङ्कन :**

(१) पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कनका लागि मुल्याङ्कन विधि सुचना प्रकाशन अगावै कार्यालय प्रमुखबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) प्रस्तावहरुको मुल्याङ्कन दफा ९ बमोजिम गठन भएको अनुदान व्यबस्थापन तथा मूल्यांकन समितिले गर्नेछ ।

(३) पेश भएका प्रस्तावहरु मूल्याङ्कन समितिले मुल्याङ्कन गरी स्वीकृतिका लागि कार्यपालिका समक्ष सिफारिश गर्नेछ

## परिच्छेद–४
## अनुदान प्रतिशत र सीमा

७. **अनुदान क्षेत्र :**

(क) उत्पादनमा आधारित अनुदान वितरण गर्ने । दुधको हकमा प्रति लिटर रु ५।- नवढ्ने गरी छनौट भएका सहकारी, निजी फर्म, वहुउदेश्यीय सहकारी ,संघ संस्थाहरुलाई विनियोजित रकमबाट दामासाही हिसावले अनुदान रकम उपलव्ध गराईने छ ।

(ख) दुग्ध सहकारी संस्थाको हकमा कम्तिमा प्रतिदिन ३०० लिटर, वार्षिक कम्तिमा २४० दिन दुध संकलन हुनुपर्ने छ । दर्ता भएको निजी संकलन केन्द्रको हकमा दैनिक कम्तिमा ३०० लिटर दुध उत्पादन गरेको हुनुपर्ने छ । निजी कृषि संघ/संस्थाको हकमा दैनिक ३० लिटरको दरले २४० दिन दुध विकी गरेको रेकर्ड संलग्न भएको र दुध विकी गरेको संघ संस्थाबाट प्रमाणित भएर आउनु पर्ने छ । कानून वमोजिम सम्वन्धित स्थानीय तहमा अनिवार्य सूचिकृत भएको हुनुपर्ने छ । दुग्ध उत्पादन सहकारी संस्थाहरुले तोकिएको म्याद भित्र अनुसूची २ को ढाँचामा सम्वन्धित वडा कार्यालयको सिफरिस सहित सहकारी शाखामा आवेदन दिनुपर्ने छ । यस कार्यकममा सम्मिलित हुन चाहने सहकारी संस्थाले दफा ५ वमोजिम मापदण्ड पुरा गरेको हुनुपर्ने छ ।

(ग) दुग्ध उत्पादक सहकारी संस्थाबाट आएका आवेदनहरुलाई अनुदान व्यवस्थापन तथा मूल्यांकन समितिले स्वीकृत गर्ने छ ।

(घ) अनुदानका लागि छनौट भएका दुग्ध उत्पादक सहकारी संघ/संस्थासंग कार्यालयले अनुसूची ३ वमोजिम सम्झौता गर्नेछ ।

(ङ) सम्झौता पछि छनौट भएका दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई कार्यालयबाट विनियोजित बजेटको परिधिभित्र रही उक्त संस्थामा आवद्ध भएका सदस्यको बैक खातामा अनुदान रकम उपलब्ध गराउने छ

(च) अनुदान रकम प्राप्त गर्नको लागि सहकारी संस्थामा दुध संकलन रेकर्ड तथा लेखापरीक्षण प्रतिवेदन रिपोर्टका आधारमा प्रति लिटर दुधको परेको मुल्यमा कार्यपालिकाले निर्णय गरे बमोजिम रकम उपलब्ध गराइने छ ।

८. **दुग्ध उत्पादक सहकारी संस्थाको मापदण्ड** : दुग्ध उत्पादक सहकारी संस्थाको मापदण्ड देहाय वमोजिम हुने ।

(क) दैनिक संकलित दुध, दुग्ध उत्पादक सहकारी संस्था आफैले प्रशोधन गर्ने वा अन्य डेरी उद्योगलाई बिकी गरी दुध र दुग्ध पर्दाथहरुको बेचविखनको प्रबन्ध गरेको हुनु पर्ने छ ।

(ख) अघिल्लो आ.व.को श्रावण महिना देखि आषाढ मसान्त सम्म गरेको दुधको कारोवारको मासिक अभिलेख प्रामाणित गरी पेश गर्नुपर्नेछ ।

(ग) सहकारीले कारोबार गर्ने गरेको दुधको गुणस्तर न्यूनत्तम मापदण्ड भित्र परेको हुनुपर्नेछ ।

(घ) सम्बन्धित सहकारीले आफुमा आबद्ध भएका कृषकहरुलाई मापदण्ड अनुसार अनुदान बितरण गर्न तोकिएको समय भित्र पेश गर्नुपर्ने छ । अनुदान बितरणको लागि सदस्यको सिफरिस गर्दा पारदर्शी तवरले गरेको हुनु पर्नेछ साथै सही तरिकाले अनुदान सिफरिस गरेको नपाईएमा सहकारी संस्थालाई कार्यालयले कानून बमोजिम कारवाही गर्न सक्नेछ ।

**९. समिति सम्बन्धी व्यवस्था :**

(१) कार्यक्रम सञ्चालनको लागि देहाय बमोजिमको अनुदान व्यबस्थापन तथा मूल्यांकन समिति गठन हुनेछ।

(क) आर्थिक बिकास समितिको संयोजक - संयोजक

(ख) नगरपालिकास्तरीय दुग्ध सहकारी संजालको प्रतिनिधि - सदस्य

(ग) जिल्ला पशुसेवा कार्यालय प्रतिनिधि - सदस्य

(घ) शाखा प्रमुख, सहकारी शाखा- सदस्य

(ङ) शाखा प्रमुख, पशुपन्छी विकास शाखा - सदस्य सचिव

(२) अनुदान व्यवस्थापन तथा मूल्यांकन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, बिशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) अनुदान व्यवस्थापन तथा मूल्यांकन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आवश्यक परेमा समितिले फिल्ड प्रमाणिकरण टोली गठन तथा सहजिकरण गरी कार्य गराउने।

(ख) अनुदान रकम तोक्ने।

(ग) दुग्ध उत्पादन सहकारीहरुको स्थलगत अनुगमन र निरीक्षण गरी अनुदान व्यवस्थापन तथा मूल्यांकन समितिले प्रतिबेदनको आधारमा औचित्य हेरी सिफरिस संगै स्वीकृत गर्नेछ।

**१०. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धि ब्यवस्था :**

यस कार्यक्रमको अनुगमन कार्यालयले आवश्यकता अनुसार गर्नेछ। अनुगमन/निरीक्षण प्रतिबेदन प्रमुख प्रशासकीय अधिकृतले प्रमाणित गरी आश्यक भएमा कार्यपालिका बैठक वा अन्य समितिहरुमा पेश गर्नेछ।

**११. आर्थिक प्रशासन सेवा :**

यस कार्यविधि बमोजिम गठन भएका समितिहरुको बैठकमा उपस्थित पदाधिकारीहरुलाई कार्यक्रमको थप जिम्मेवारी तथा प्रोत्साहानको लागि बैठक भत्ता कार्यालयवाट नियमानुसार उपलव्ध हुनेछ। अनुगमन, मूल्यांकन तथा स्थलगत निरीक्षण कार्यमा खटिदा

खटाईएका व्यक्तिहरुलाई नियमानुसार भत्ता कार्यालयवाट भुक्तानी हुनेछ ।

१२. **थपघट वा हेरफेर :**

यस कार्यालयको कार्यान्वयन पक्षलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यालयले आवश्यकता अनुसार नगर कार्यपालिका वैठकवाट थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ ।

(दूग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान प्रत्येक उत्पादक सहकारी संस्था मार्फत उपलब्ध गराउने प्रयोजनका लागि प्रस्ताव आव्हानको ढाँचा:)

**अनुसूची १**

(दफा ४ को “क” सँग सम्बन्धीत)

धुलिखेल नगरपालिका
नगर कार्यापालिकाको कार्यालय
धुलिखेल, काभ्रे

**सूचना**

(प्रथम पटक प्रकाशन गरिएको मिति.....................................)

धुलिखेल नगरपालिका नगर कार्यपालिकाको कार्यालय, धुलिखेल काभ्रेको आर्थिक वर्ष ..............मा स्वीकृत दूग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहान अनुदान सहयोग कार्यक्रम सञ्चालनको लागि “धुलिखेल नगरपालिकाको दुग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहन अनुदान सहयोग कार्यक्रम कार्यबिधि २०८१” बमोजिम यस नगरपालिका अन्तर्गत दुधमा रु..........प्रति लिटर अनुदानको लागि ईच्छुक दुग्ध उत्पादन सहकारी संस्था वा फर्मले यो सूचना प्रकाशन गरेको मितिले १५ दिन भित्र यस कार्यालयमा निम्न अनुसारको कागजात सहित प्रस्ताब पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । आवश्यक संक्षिप्त कार्यायोजना तथा अन्य आवश्यक अनुसूचीहरु यस नगरपालिकाबाट प्राप्त गर्न सकिने व्यहोरा जानकारी गराईन्छ ।

आवश्यक कागजातहरु

१ अनुसूची २ बमोजिमको आवेदन पत्र ।

२ सहकारी संस्था दर्ता प्रमाण पत्रको छायाँप्रति (नवीकरण गर्नुपर्ने भएमा सो समेत गरेको) ।

३ प्यान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।

४ गत आ.व.को प्रमाणित ले.प.प्रतिवेदन रिपोर्टको छायाँप्रति ।

५ सहकारीको कार्यसमितिको बैठकको अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निर्णय प्रति ।

६ अनुसूची ४ बमोजिमको विवरण भरेको विवरण फारम ।

७ सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

८. दुग्ध उत्पादक सहकारी संस्थाको हकमा जिल्ला दुग्ध उत्पादक सहकारी संघबाट प्राप्त दूधको परिमाण खुल्ने सिफारिस पत्र ।

(प्रोत्साहान अनुदान सहयोग कार्यक्रममा सहभागि हुने सहकारी संस्थाले कार्यालयमा पेश गर्ने आवेदन पत्रको ढाँचा)

## अनुसूची २
(दफा ४ को “ख”सँग सम्बन्धीत)

मिति :-..............

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
धुलिखेल नगरपालिका नगर कार्यापालिकाको कार्यालय,
धुलिखेल, काभ्रे ।

बिषय :- प्रोत्साहान अनुदान सहयोग कार्यक्रममा सहभागी हुन पाउँ ।

महोदय,

प्रस्तुत बिषयमा त्यस नगरपालिका कार्यालयको मिति .....................गते प्रकाशन गरिएको सूचना अनुसार यस.......... ............................. दूग्ध उत्पादक सहकारी.........................ले दूग्ध उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहान अनुदान सहयोग कार्यक्रमको लागि कार्यक्रममा समावेश हुन ईच्छुक रहेकाले तपसिल अनुसारको कागजात सहित यो निवेदन पेश गरेका छौ ।

तपसिल

१ सहकारी संस्था दर्ता प्रमाण पत्रको छायाँप्रति (नवीकरण गर्नुपर्ने भएमा सो समेत गरेको ) ।
२ प्यान दर्ता प्रमाण पत्र तथा कर चुक्ता प्रमाण पत्रको छायाँप्रति ।
३ गत आ.व.को प्रमाणित ले.प.प्रतिवेदनको छायाँप्रति ।
४ सहकारीको कार्यसमितिको बैठकको अनुदान उपलब्ध गराई पाउँ भन्ने व्यहोराको निर्णय प्रति ।
५ अनुसूची ४ बमोजिमको विवरण भरेको विवरण फारम ।
६ सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र ।

निवेदक
नाम थरः
पदः
ठेगानाः
सम्पर्क नंः
सहकारी संस्थाः
संस्थाको छापः

# अनुसूची ३

(दफा ४ को "घ"सँग सम्बन्धीत)

दुई पक्षीय सम्झौता पत्र धुलिखेल नगरकार्यापालिकाको कार्यालय धुलिखेल, काभ्रे (यस पछि प्रथम पक्ष भनिने) र................................ दूग्ध उत्पादक सहकारी संस्था वा फर्म....................(यस पछि दोस्रो पक्ष भनिने) बीच उत्पादक कृषकलाई उत्पादनको आधारमा प्रोत्साहान अनुदान सहयोग कार्यक्रमको लागि कार्यक्रममा तपसिलका शर्तहरुको अधिनमा रही यो सम्झौता दुवै पक्षबाट पालना गर्ने/गराउने गरी दुईपक्षिय सम्झौता गरिएको छ।

तपशिलः

१ प्रथम पक्षले दोस्रो पक्षलाई स्वीकृत भए अनुसारको रकम प्रति लिटर रु............को दरले दोस्रो पक्षलाई दूग्ध उत्पादक सहकारी/कृषि सहकारी संस्था वा फर्मको सिफारिसमा र वडाको सिफारिसको आधारमा प्रत्येक सदस्यको बैक खातामा एकमुष्ट रुपमा जम्मा गरिनेछ।

२ दोस्रो पक्षले वडा समितिका सदस्य समेतको उपस्थितिमा कार्य समिति बैठक बसी मापदण्ड तयार पारी कृषकलाई कुनै भेदभाव नहुने गरी मापदण्ड बमोजिम अनुदान रकमको लागि कृषकको नाम सिफारिस गर्नुपर्नेछ।

३ अनुदान वितरण कार्य पारदर्शी तथा प्रभावकारी कार्यन्वयनको लागि दोस्रो पक्षले जिम्मेवारी लिनुपर्नेछ।

४ यस सम्झौतामा उल्लेखित कुराहरु यसै वमोजिम तथा अन्य कुराहरुको हकमा प्रचलित कानून वमोजिम हुनेछ।

| दोस्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नामः | नामः |
| पदः | पदः |
| सहकारी संस्थाको नामः | कार्यालयको नामः |
| ठेगानाः | ठेगानाः |
| छापः | छापः |
| मिति : | |

## अनुसूची ४
(दफा ५ सँग सम्बन्धीत)

प्रोत्साहन अनुदान सहयोग कार्यक्रममा सहभागी हुने दुग्ध उत्पादक सहकारी संस्थाको विवरण :

१ सहकारी संस्थाको नामः
२ ठेगानाः
३ सहकारी दर्ता मिति :
४ कूल सदस्य संख्याःमहिला ....... पुरुष ........ जम्मा .........
५ गत वर्षको कूल दुध संकलन लिटरमाः औषत दैनिक...........लि. मासिक.........लि. वार्षिक..........लि.
६ गत वर्षको अधिकतम दुध संकलन महिना र परिमाण........महिना.......लि.
७ गत वर्षको न्यूनतम दुध संकलन महिना र परिमाण.....महिना.......लि.
८ मिल्क एनलाईजरको प्रयोगको अवस्थाः भएको /नभएको
९ वार्षिक साधारण सभाको अवस्थाः भएको /नभएको
१० जम्मा संकलन केन्द्रः
११ दुध संकलन गर्ने कृषकको संख्याः
१२ पशु विमा गरेको कृषकको संख्याः
१३ रेकर्ड राख्न कम्प्यूटरको प्रयोगको अवस्थाः
१४ सहकारीको चिलिङ सेन्टरको अवस्थाः भएको /नभएको
१५ दुधको विविधिकरण र विकी वितरणको अवस्थाः भएको /नभएको भएको भए
(क) कुन कुन पदार्थ वनाउने गरिन्छ .......................
(ख) दैनिक औषत परिमाण.........................
(ग) विकी वितरण गर्ने वजार/स्थल..................
१६ सहकारीको संचालक समितिको वैठकको अवस्थाः नियमित/अनियमित

१७ दुग्ध बिक्रेता सदस्यहरुको वित्तीय/सहकारी संस्थामा रहेको खाताको विवरण

| क.स. | नाम/थर | ठेगाना | संकलित दुध | दर | जम्मा पाउँने रकम | वैकको नाम | खाता नम्वर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

संलग्न हुनुपर्ने प्रमाणहरु

१ सहकारी संस्था दर्ता प्रमाण पत्रको छायाँप्रति (नवीकरण गर्नुपर्ने भएमा सो समेत गरेको)।

२ प्यान दर्ता प्रमाण पत्र

३. कर चुक्ता प्रमाण पत्र।

४ गत आ.व.को लेखापरीक्षण प्रतिवेदन।

५ संस्थाको कार्यसमितिबाट अनुदान पाउन गरिएको बैठकको निर्णय प्रति

आज्ञाले,
मोहन प्रसाद मरासिनी
प्रमुख प्रशासकीय अधिकृत